त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०८०/०८१ मिति :- २०८०/११/०१
च. नं. :-

विषयः विवरण सार्वजनिक गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८० माघ महिनामा सम्पादन गरिएका मुख्य-मुख्य कार्यको तपसिल अनुसारको विवरण सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| क्र. स. | शाखा/इकाई/सचिवालयको नाम | सम्पादन भएका मुख्य-मुख्य कार्यहरुको विवरण | कैफियत |
|---|---|---|---|
| १ | प्रशासन शाखा | • गाउँ कार्यपालिकाको २ वटा बैठक व्यवस्थापन,<br>• अन्तर निकाय समन्वय, पत्रव्यवहार, प्रतिवेदन पेश,<br>• LISA तथा FRA सम्बन्धी समन्वय तथा सहकार्य गरेको,<br>• संघीय समपूरक र विशेष अनुदानतर्फका योजना प्रस्ताव पेश,<br>• कार्यालयको प्रवक्ता तथा गुनासो सुन्ने अधिकारीको व्यवस्थापन,<br>• कर्मचारी व्यवस्थापन सम्बन्धी दैनिक प्रशासनिक कामकाजहरु,<br>• उम्दा छोरी कार्यक्रम सञ्चालन कार्यविधि, उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि लगायतको मस्यौदा संयोजन। | |
| २ | शिक्षा, युवा तथा खेलकुद शाखा | • राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि माग संकलन गरेको,<br>• बहुकक्षा बहुस्तर (MGML) को अनुगमन तथा पृष्ठपोषण प्रदान,<br>• जिल्लास्तरीय रनिङशिल्ड प्रतियोगिताको तयारी गर्न जुगार र नुवागाउँमा क्लोज क्याम्प सञ्चालन,<br>• जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागी भई १७ स्वर्ण, १७ रजत र १६ कास्य पदक सहित दोस्रो स्थान प्राप्त,<br>• विद्यालयहरुलाई दिवा खाजा कार्यक्रम, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण, विद्यालय सुधार योजना, विद्यालय सञ्चालन तथा व्यवस्थापन, इन्टरनेट जडान लगायतको रकम निकासा दिइएको। | |
| ३ | कृषि विकास शाखा | • कृषि सम्बन्धी तथ्याङ्क संकलन कार्यक्रम सम्पन्न गरिएको,<br>• ७ वटै वडाका विभिन्न स्थानमा जङ्गली मेलको विरुवा तथा रुखमा नास्पाती कलमी कार्यक्रम सञ्चालन,<br>• कृषकलाई ३२० थान प्लाष्टिक क्यारेट, १२ थान धान ओसाउने मेसिन, १६३ बोट ओखर र ४२२ बोट किबिको विरुवा वितरण।<br>• वडा नं. १ मा ५०% अनुदानमा नर्सरी निर्माण साथै वडा नं. २ र ७ मा तरकारी संकलन केन्द्र निर्माणको कार्य अगाडि बढाइएको। | |
| ४ | आर्थिक प्रशासन शाखा | • चालु आर्थिक वर्षको माघ मसान्तसम्म चालुतर्फ ३६.८३% तथा पूँजीगत १८.७३% गरी कुल ३१.४३% खर्च भएको। | |

| | | | |
|---|---|---|---|
| ५ | पशु सेवा शाखा | • ५ वटा कृषि समूह दर्ता, १० वट कृषि फार्म नविकरण,<br>• कृतिम गर्भाधान २०, पशुपंक्षी चेकजाँच तथा उपचार ११०० र खोरेत रोग उपचार ३००० पशुचौपायमा गरेको,<br>• सूचना प्रकाशन गरी गाउँपालिकाका सातवटै वडाबाट ५४ जना कृषक छनौट गरी भकारो सुधार कार्यक्रम अगाडि बढाएको, | |
| ६ | स्वास्थ्य शाखा | • मासिक रुपमा स्टाफ मिटिङमार्फत तथ्याङ्क विश्लेषण,<br>• औषधी तथा औषधीजन्य सामग्रीको आपूर्ती व्यवस्थापन,<br>• दादुरा-रुबेला खोपको जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीमा सहभागी,<br>• विद्यालयका किशोरीहरुलाई खुवाउने आइरनको आपूर्ती व्यवस्थापन,<br>• रोल्पा जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा गाउँपालिका प्रतिनिधिको रुपमा खटिएको। | |
| ७ | पूर्वाधार विकास शाखा | • चालु आर्थिक वर्षका २०० योजनाको सर्वे तथा स्टिमेट गरिएको र ४० योजनाको कार्यसम्पन्न तथा ३० बढी योजना अनुगमन गरेको,<br>• १५ शैय्याको प्राथमिक अस्पतालको कामकाज अगाडि बढाइएको साथै नियमित अनुगमन तथा सुपरीवेक्षण गरेको,<br>• विद्युतर्फ १, भवनतर्फ २, पुलतर्फ २, मोटरबाटोतर्फ ३ वटा टेण्डर आह्वान, सम्झौता गरी कामकाज शुरु गरेको। | |
| ८ | योजना तथा अनुगमन इकाई | • ७ वटै वडाका उपभोक्ता समितिहरुलाई योजना सञ्चालन सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको,<br>• चालु आर्थिक वर्षका स्वीकृत २१७ योजनामध्ये हालसम्म १९९ योजनाको सम्झौता गरिएको, ३२ योजनाको भुक्तानी गरिएको,<br>• गाउँ कार्यपालिकाको कार्यालयदेखि टाढाका वडा नं. १ र २ मा योजना सम्झौता शिविर सञ्चालन गरी योजना सम्झौता गरिएको। | |
| ९ | महिला बालबालिका तथा समाज कल्याण इकाई | • पूर्ण अशक्त व्यक्तिको घरमै अपाङ्गता परिचय-पत्र वितरण,<br>• उम्दा छोरी कार्यक्रम सञ्चालन गर्न बैंकलाई सम्झौता फाराम पेश,<br>• लोक सेवा आयोगको तयारी कक्षा सञ्चालनको लागि सूचना प्रकाशन गरी माग संकलन,<br>• शिल्पी समुदायको लागि आरण सुधार कार्यक्रमको लागि सूचना प्रकाशन गरी माग संकलन,<br>• ज्येष्ठ नागरिक परिचय पत्र १, स्वास्थ्य आमा समूह नविकरण ३ र अपाङ्गता परिचय पत्र ५ वटा वितरण,<br>• प्रदेश स्थापना दिवसको अवसरमा महिला, पुरुष सिनियर-जुनियर डबल ब्याडमिन्टन प्रतियोगिताको आयोजना गरेको। | |
| १० | पञ्जीकरण, सामाजिक सुरक्षा तथा दर्ता चलानी इकाई | • माघ महिनामा पत्र चलानी २४७ र पत्र दर्ता ४६५ थान गरेको,<br>• पञ्जीकरण सम्बन्धी समस्याहरुको समाधानको लागि आवश्यक निर्देशन तथा समन्वय गरेको,<br>• सामाजिक सुरक्षाको दोस्रो किस्ताको रकम EFT मार्फत भुक्तानीको लागि आवश्यक कार्यहरु सम्पन्न गरेको। | |
| ११ | न्यायिक समितिको सचिवालय | • यस महिनामा २ वटा नयाँ उजुरी दर्ता तथा पहिले दर्ता भएका ५ वटा उजुरी फछ्यौंट गरिएको,<br>• रुन्टिगढी गाउँपालिकामा सम्पन्न न्यायिक समितिको जिल्लास्तरीय प्रथम बैठकमा सहभागी भएको। | |

| | | | |
|---|---|---|---|
| १२ | आन्तरिक लेखापरीक्षण इकाई | • चालु आर्थिक वर्षको हालसम्म सञ्चालन भएका चालु तथा पूँजीगत तर्फका योजना तथा कार्यक्रमको आन्तरिक लेखा परीक्षण भैरहेको। | |
| १३ | राजश्व इकाई | • सातवटै वडामा बजार अनुगमन गरी सो क्रममा प्राप्त भएका म्याद नाघेका सामग्रीहरु नष्ट गरिएको,<br>• स्थानीय संचित कोष प्रणाली सम्बन्धी तालिम लिई सबै वडा कार्यालयका सचिवहरुलाई तालिम प्रदान गरेको,<br>• दैनिक रुपमा राजश्व संकलन भएको, चालु आर्थिक वर्षको हालसम्म जम्मा रु. ६२,८१,६३३.७३ राजश्व संकलन गरिएको। | |
| १४ | विपद् व्यवस्थापन इकाई | • ११ परिवारको घर पुनः निर्माणको लागि रु. २/२ लाखको दरले भुक्तानी भएको,<br>• ३१ भूकम्प प्रभावित परिवारलाई राहतको लागि जिल्ला प्रशासन कार्यालय रोल्पामा सिफारिस,<br>• वन्यजन्तुबाट भएको क्षतिपूर्ती उपलब्ध हुनको लागि विवरण संकलन गरी जिल्ला प्रशासन कार्यालयमा लेखी पठाएको,<br>• फुसको छानो विस्थापन गरी सुरक्षित आवास निर्माणको लागि छनौट भएका २०० घरधुरीहरु मध्ये १९३ सँग सम्झौता गरेको। | |
| १५ | बालमैत्री स्थानीय शासन समन्वय इकाई | • शिक्षक छनौट परीक्षा र स्थानीय पाठ्यक्रम निर्माण सहजीकरण,<br>• गाउँपालिकास्तरीय बालक्लब सञ्जालको एउटा बैठक व्यवस्थापन तथा २ वटा बालक्लबको अनुगमन,<br>• बाल विवाह न्यूनीकरणको लागि बालक्लबको नेतृत्वमा १२ वटा माध्यमिक विद्यालयहरुमा जनचेतनामूलका कार्यक्रम सञ्चालन,<br>• जोखिममा रहेका ७ बालबालिकालाई शैक्षिक सहयोग, १३ बालबालिकालाई आर्थिक सहयोग र २९० विपन्न बालबालिकालाई शैक्षिक सामग्री सहयोगको लागि प्रकृया अगाडी बढाएको। | |
| १६ | खरिद इकाई | • विभिन्न योजना तथा कार्यक्रमका लागि निर्णय तथा माग भएका सामग्रीको खरिद, दाखिला, हस्तान्तरण लगायतका कार्य,<br>• गाउँपालिकाका सवारी सधानको नविकरण, गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयको जिन्सी सम्पत्तिको सूचना प्रणाली सञ्चालन। | |
| १७ | उद्यम विकास कार्यक्रम | • ८ दिने उद्यमशिलता विकास तालिम सञ्चालन,<br>• उद्यम विकासतर्फको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत,<br>• १ दिने सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA) सञ्चालन, घरधुरी सर्वेक्षण फाराम A र सम्भावित उद्यमीको लागि फारम B भरिएको,<br>• सिस्नो धुलो व्यवसाय (१२ जना), अचार व्यवसाय (९ जना) र सिलाइकटाई व्यावसाय (१० जना) गरी ३१ जनाको तीनवटा उद्यमी समूह निर्माण गरिएको। | |
| १८ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना | • सामाजिक सुरक्षालाई EFT मा लैजानको लागि तालिम लिई आवश्यक प्रकृया अगाडी बढाएको,<br>• सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्ध आउने समस्याहरु समाधानको लागि पहल गरेको,<br>• ४,१७२ जनालाई चालु आर्थिक वर्षको पहिलो चौमासिक सामाजिक सुरक्षा भत्ता वडा कार्यालयमा निकासा तथा वितरण गरिएको। | |



✆ Toll Free No. : +977-16608644965 | ☎ Phone No.: +977-9857824585

| | | | |
|---|---|---|---|
| १९ | बुहक्षेत्रीय पोषण कार्यक्रम | • पोषण कार्यक्रम अन्तर्गतका विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिएको । | |
| २० | प्रधानमन्त्री रोजगार कार्यक्रम | • स्वीकृत बेरोजगार व्यक्तिहरुलाई लाभग्राही परिचयपत्र वितरण गरी कामकाजमा खटाइएको,<br>• प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ स्वीकृत भएका ११ वटा योजनाको सर्वे तथा सम्झौता,<br>• ५ जनाको श्रम स्वीकृति तथा विदेशमा मृत्यु भएका २ जना कामदारलाई आर्थिक सहायता प्रदान,<br>• तालिम सञ्चालन गरी ८ जना बेरोजगार व्यक्तिहरुलाई मेलको रुखमा नास्पाती कलमी कार्यक्रम सञ्चालनमा ल्याइएको,<br>• सूचना प्रकाशन गरी आगामी आर्थिक वर्षको लागि बेरोजगार व्यक्तिहरुको सूचना संकलन गर्ने कार्य अगाडी बढाएको। | |
| २१ | सुरक्षित आप्रवासन कार्यक्रम | • मासिक घर भेटघाट २५ परिवार, फलोअप २५ परिवारमा गरिएको,<br>• वैदेशिक रोजगारीको श्रम स्वीकृतिको लागि रोजगार सेवा कन्द्रलाई आवश्यक सहयोग गरेको,<br>• वैदेशिक रोजगारीमा अलपत्र परेका वडा नं. ४ र ७ का दुई जना व्यक्तिहरुको उद्धारको लागि समन्वय गरिरहेको,<br>• वैदेशिक रोजगारीमा अलपत्र परेका वडा नं. २ का झकेन्द्र भण्डारीको सम्बन्धित निकायसँग समन्वय गरी उद्धार गरेको । | |
| २२ | अन्य | • सूचना तथा सञ्चार, गुनासो सुनुवाई, प्राविधिक सहयोग तथा समन्वय व्यवस्थापन। | |

२०८०।११।०१

(प्रेम प्रकाश पुन मगर)
प्रवक्ता